फोन नं. ०८२-५६०१७७
फ्याक्स नं. ०८२-५६३६८४
E-mail:-dang@dolma.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमिसुधार तथा मालपोत कार्यालय

## भू सेवा केन्द्र संचालन सम्बन्धी सूचना

प्रकाशित मितिः- २०७७/१०/२८

भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट मिति २०७७/१०/१४ गते कान्तिपुर दैनिकमा प्रकाशित सूचना अनुसार यस कार्यालयमा भू सेवा केन्द्र संचालन निर्देशिका, २०७६ लागु गर्ने निर्णय भएको व्यहोरा जानकारी हुन आएकोले भू सेवा केन्द्र स्थापना तथा संचालन गर्नको लागि मालपोत नियमावली, २०३६ नियम २३क र २३ख बमोजिम योग्यता पुगेका तथा भू सेवा केन्द्र संचालन निर्देशिका, २०७६ दफा ७ मा तोकिए बमोजिम बधार पुरा भएका इच्छुक व्यक्ति, संस्था तथा स्थानीयत सरकारले अनुमति लिनको लागि २०७७/१०/२८ गतेदेखि २०७७/११/२७ गतेसम्म https://public.dolma.gov.np मार्फत अनलाईन निवेदन पेश गरी सो सँग सम्बन्धित सक्कल कागजात यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । भू सेवा केन्द्रको अनुमति किसिम र योग्यता तपसील अनुसार हुने छ ।

तपसील

| व्यक्तिको हकमा | रजिष्ट्रर्ड संस्थाको हकमा | स्थानीय तहको हकमा | कानून व्यवसायी वा लेखापढी व्यवसाय गर्न प्रमाणपत्र प्राप्त व्यक्तिको हकमा | साधारण प्रयोगतकर्ताको हकमा |
|---|---|---|---|---|
| क. नेपाली नागरिक<br>ख. १८ वर्ष उमेर पुरा भएको<br>ग. कम्प्यूटर विषय लिई कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सहर उत्तिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्यूटर | क. प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको<br>ख. संस्थामा काम गर्ने जनशक्ति नेपाली नागरिक भई १८ वर्ष उमेर पुरा भएको<br>ग. संस्थामा काम गर्ने जनशक्तिको | सेवा केन्द्र संचालन गर्ने जनशक्ति र दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको | क. कानून व्यवसायी वा लेखापढी व्यवसायीको प्रमाणपत्र भएको<br>ख. नेपाली नागरिक<br>ग. प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको<br>घ. करचुक्ताको प्रमाणपत्र भएको<br>ङ. भू सेवा केन्द्र | क. प्रयोगकर्ताको नाममा जग्गाधनी दर्ता प्रमाण पुर्जा भएको<br>ख. आफ्नो नाममा भएका जग्गाका कित्ता विवरण भू सूचना प्रणालीमा अद्यावधिक भएको तर भू सूचना प्रणालिमा देखिएको विवरण |

फोन नं. ०८२-५६०१७७
फ्याक्स नं. ०८२-५६३६८४
E-mail:-dang@dolma.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमिसुधार तथा मालपोत कार्यालय

घोराही दाङ

| | | | | |
|---|---|---|---|---|
| ६ महिनाको तालिम प्राप्त गरेको<br>घ. प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर लिएको<br>ङ. सेवा केन्द्र संचालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको<br>च. नैतिक पतन देखिने फौजदारी कसूर वा लिखत सम्वन्धी कुनै कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको | कम्प्यूटर विषय लिई कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सहर उत्तिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्यूटर सम्बन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको<br>घ. प्रचलिखत कानून बमोजिम संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको<br>ङ. कर चुक्ताको प्रमाणपत्र भएको<br>च. भू सेवा केन्द्र संचालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको | | दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको | विवरण फरक परी जग्गाधनी पहिचानमा समस्या देखिएमा जग्गाधनीले यस कार्यालयमा आई डाटा अध्यावधिक गराउनु पर्नेछ |

- भू सेवा केन्द्र संचालनको लागि चाहिने पूर्वाधारहरुः-
  - कम्प्यूटर
  - प्रिन्टर
  - ब्याकअप सिस्टम

मालपोत अधिकृत
कार्यालय प्रमुख

फोन नं. ०८२-५६०१७७
फ्याक्स नं. ०८२-५६३६८४
E-mail:-dang@dolma.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
# भूमिसुधार तथा मालपोत कार्यालय
घोराही दाङ

- भू सूचना प्रणालीसँग कम्प्याटिवल हुने बायोमेट्रिक डिभाइस
- Internet Connectivity कम्तिमा 2/2 Mbps को Dedicated Line भएको

- अनुमति पत्रको दस्तुर, अवधि तथा नविकरण सम्वन्धि व्यवस्थाः-
  - साधारण प्रयोगकर्तालि युजर एकाउण्ट खोलनका लागि सम्वन्धित कार्यालयमा पाँच सय रुपैया दस्तुर बुझाउनु पर्नेछ र प्रत्येक दश बर्षमा नविकरणका लागि एक सय रुपैया दस्तुर बुझाउनु पर्नेछ । (युजर एकाउण्ट नविकरण नगरेको अवस्थामा अनलाइन प्रणालीमा त्यस्ता प्रयोगकताको पहुँच स्वतः निस्कृय हुनेछ ।)
- भू सेवा केन्द्र सम्वन्धि अनुमति पत्र लिन देहाय बमोजिम दस्तुर लाग्ने छः-
  - व्यक्तिको हकमा तीन हजार रुपैया
  - संस्थाको हकमा पाँच हजार रुपैया (उक्त दस्तुर यस कार्यालयको राजश्व खाता नं. ००१०१०००००००१००१००१ शीर्षक नं. १४२२९ र यस कार्यालयको कोड नं. ३३६०१५६०१ मा नेपाल बैंक लि. घोराही जम्मा गरी सोको भौचर पेश गर्नु पर्नेछ।)
- भू सेवा केन्द्र संचालनको अनुमति लिन चाहने व्यक्ति वा संस्थाले बैंकमा धरौटी बापत नेपाल बैंक लि. घोराही शाखामा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय घोराहीको खाता नं. ०२७०१०००००२००३००००००१ यस कार्यालयको कोड नं. ३३६०१५६०१ मा देहाय बमोजिम नगद जम्मा गर्नु पर्नेछ । बैंक ग्यारेण्टीको हकमा चालु आर्थिक बर्षको बाँकी रहेको अवधिमा एक महिना थप गरी कायम हुने कुल अवधिको देहाय बमोजिमको रकम बराबरको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।
  - व्यक्तिको हकमा पचास हजार रुपैया
  - संस्थाको हकमा दुई लाख रुपैया
- स्थानीय तहलाई भू सेवा केन्द्रको अनुमति लिन र नविकरण गर्न कुनै दस्तुर लाग्ने छैन ।
- भू सेवा केन्द्र संचालनको अनुमति पत्रको अवधि एक आर्थिक बर्षको हुने छ

प्रमुख मालपोत अधिकृत